# कोशी प्रदेशबाट निर्वाचित नेपाल स्काउट रास्ट्रीय परिषद सदस्यहरुको संयुक्त प्रेस बक्तब्य

**मिति:२०८३/०४/०९**

बालवालिका तथा युवाहरुको शारीरीक, मानसिक, वौद्धिक, अध्यात्मिक र संवेगात्मक विकासका लागी वि. सं. २००९ साल असार ५ गते स्थापना भई प्रतिनिधि सभा बाट नेपाल स्काउट ऐन २०५० जारी भई संचालनमा रहेको छ। नेपाल स्काउटको नेतृत्व प्रत्यक चार वर्षमा निर्वाचन मार्फत स्काउट सदस्स्यहरु विचबाट निर्वाचित गर्ने ऐनको व्यवस्था भएपनि वि. सं. २०६८ साल पछी १२ वर्षमा २०८० साल माघ २२ गते स्थानीय स्काउट परिषद र २७ गते प्रदेश परिषद तथा रास्ट्रीय परिषदको निर्वाचन सम्पन्न भएको थियो।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयका सहसचिव श्री शिव प्रसाद रेग्मीको संयोजकत्वमा मन्त्रालयका उपसचिव द्वय श्री हरी प्रसाद अधिकारी, श्री सरिता रायमाझी, नेपाल स्काउटका कानूनी सल्लाहकार श्री मुकुन्द अधिकारी सदस्य तथा नेपाल स्काउटका तत्कालीन कार्यालय प्रमुख श्री रामप्रसाद भट्टराई सदस्यसचिव रहेको एक निर्वाचन समिति गठन तत्कालीन माननीय युवा तथा खेलकुद मन्त्री श्री डिकबहादुर लिम्बूले मिति २०८०/१०/०७ गतेको मन्त्रीस्तरीय निर्णय अनुसार भई उक्त निर्वाचन समितिले मिती २०८०/१०/०८ गते निर्वाचन तालिका प्रकाशन गरी प्रक्रिया अघि बढेको हो। विश्व स्काउट संगठनका प्रतिनिधिहरु निर्वाचन पर्यवक्षकका रुपमा आएर निर्वाचन स्वच्छ, निष्पक्ष र लोकतान्त्रीक ढंगबाट सम्पन्न भएको प्रतिवेदन समेत दिनु भएको थियो।

रास्ट्रीय परिषद/प्रदेश परिषद/स्थानीय परिषदको निर्वाचन सम्पन्न भएपछी केन्द्रमा तत्कालीन माननीय युवा तथा खेलकुद मन्त्री डिकबहादुर लिम्बूले नेपाल स्काउट ऐन २०५० को दफा ७ को उपदफा (३) र दफा १० को उपदफा (४) बमोजिम गठित सिफारीस समितिको सिफारीसमा २०८० साल फालगुन १३ गते रास्ट्रीय कार्यकारी समिति गठन गर्नु भएको र प्रदेशमा, नेपाल स्काउट नियमावली २०७७ को नियम १२ बमोजिम प्रदेश सरकारको शिक्षा तथा युवा हेर्ने विषयगत मन्त्रालयका माननीय मन्त्री तथा प्रदेश स्काउट प्रमुखले सात वटै प्रदेश स्काउट कार्यकारी समिति एवम् स्थानीय तहमा, नियमावलीको नियम २२ बमोजिम निर्वाचन सम्पन्न भएका स्थानीय तहका स्थानीय संरक्षक तथा पालिका प्रमुख/अध्यक्षले स्थानीय स्काउट कार्यकारी समिति गठन गरी स्काउट समितिहरु तीनवटै तहमा क्रियाशिल रहदै आएका छन्।
नेपाल सरकारले सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश, २०८३ को दफा (२) को उपदफा (१) बमोजिम नेपाल स्काउटका पदाधिकारीहरु मिति २०८३।०१।१९ गतेदेखि लागु हुने गरी स्वतः पदमुक्त भएको व्यहोराको सुचना प्रकाशित गरेको थियो यद्दपी नेपाल स्काउटका कार्यकारी समितिहरु राजनीतिक नियुक्ति नभई निर्वाचित र नेपाल स्काउट ऐन २०५० र यस अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा गरी नियुक्त भएका थिए।

नेपाल स्काउटको आधिकारीक फेसबुक पेजमा साउन ८ गते राति करिव ११:०० बजे “नेपाल स्काउटका संरक्षक सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशन तथा मिति २०८३ साल श्रावण ५ गतेको नेपाल स्काउटका प्रमुख स्काउट माननीय शिक्षा  तथा खेलकूद मन्त्रीज्यूको निर्णयअनुसार नेपाल स्काउटका राष्ट्रिय परिषद्, प्रदेश परिषद्, स्थानीय परिषद् तथा सम्पूर्ण कार्यकारी समितिहरू विघटन गरिएको” व्यहोराको सुचना प्रति गम्भीर ध्यानाकर्षण भएको छ ।

यस सन्दर्भमा केहि हाम्रा धारणा यस प्रकार रहेका छन् :

१) संचारमाध्यममा साउन ६ गते प्रमुख स्काउट तथा माननीय शिक्षा तथा खेलकुद मन्त्रीले नियुक्त गरेको भन्ने व्यहोराको तस्वीर सहित समाचार आउछन, ८ गते साँझ ऐनले नचिनेको अन्तरिम रास्ट्रीय कार्यकारी समितिको दिक्षान्त भएको भन्ने संचार माध्ययम बाट सम्प्रेषण हुन्छ र ८ गतेकै मध्य रातमा प्रधानमन्त्री तथा संरक्षक र शिक्षा तथा खेलकुद मन्त्री तथा प्रमुख स्काउटको हवाला दिदै विना निर्णयको प्रति र हस्ताक्षर साउन ५ गतेको निर्णय बमोजिम भन्ने उर्दी जारी हुनुले कानूनी व्यवस्था र संस्थाको गरीमामा समेत ठेस पुगेको छ ।

२) नेपाल स्काउट ऐन २०५०  बमोजिम निर्वाचन नगरी विभिन्न समयमा सरकारले बारम्बार तदर्थ समिति बनाउदै संस्थालाई सिमित व्यक्तिहरुका विचबाट मात्र संचालन गरी विश्व स्काउट संगठनको मूल्य मान्यता, युवाहरु लक्षित कार्यक्रम र संस्थाको उद्देश्य बमोजिम संचालन हुन नसकेको ठहर गर्दै लोक बहादुर भण्डारी विरुद्ध युवा तथा खेलकुद मन्त्रालय सिंहदरवार समेत, विषयःउत्प्रेषण परमादेश समेत (मुद्दा नम्बरः ०७८-WO-०४८४) मा  सम्मानित सर्वोच्च अदालतको फैसलावाट समेत कुनै तर्दथ समिति नबनाउनु भनि परमादेश समेत जारी भएकोमा शो समेतलाई बेवास्ता गर्दै अन्तरिम रास्ट्रीय कार्यकारी समिति र त्यसको संयोजक, सदस्य नियुक्ति प्रमुख स्काउट तथा माननीय शिक्षा तथा खेलकुद मन्त्री स्तरीय निर्णयबाट हुनु अदालत समेतको अवहेलना हो ।

३) मिति २०८० साल माघ २७ गते सम्पन्न रास्ट्रीय परिषद निर्वाचन बाट  निर्वाचित हामी रास्ट्रीय परिषद सदस्यहरुको नेपाल स्काउट ऐन र यस अन्तर्गत बनेको नियमावली बमोजिम चार वर्षको कार्यकाल रहने व्यवस्था रहे बमोजिम कार्यकाल नसकिएको अवस्था विद्यमान रहेको अवस्थामा कार्यकाल पुरा नभई विगठन कानून सम्वत नभएको हाम्रो ठहर छ ।

४) प्रदेश तथा स्थानीय कार्यकारी समितिको हकमा समेत चार वर्षे कार्यकाल रहेको र नियुक्ति गर्ने पदाधिकारी प्रदेशका हकमा सम्बन्धित प्रदेश सरकारको शिक्षा, युवा हेर्ने विषयगत मन्त्रालयको माननीय मन्त्री तथा प्रदेश स्काउटका प्रमुख स्काउट रहेको र स्थानीय तहका हकमा स्थानीय तहका अध्यक्ष/प्रमुख एवम् स्थानीय संरक्षक रहेको हुदा नियुक्ति गर्ने पदाधिकारीले मात्रै पदमुक्त गर्ने अधिकार राख्दछ ।

५) नेपाल स्काउट ऐन २०५० को व्यवस्था बमोजिम संरक्षक तथा प्रधानमन्त्रीको ठाडो निर्देशन र शिक्षा तथा खेलकुद मन्त्रालयका मन्त्री तथा प्रमुख स्काउट स्तरीय निर्णय बमोजिम निर्वाचित समितिहरु भंग गर्ने कुनै पनि कानूनी अधिकार नभएको हाम्रो ठहर छ ।

६) ७५३ वटै पालिका, ७ वटा प्रदेशमा विस्तारित बयस्कहरुको सहयोगमा युवाहरुको विकासका निम्ति संचालित शैक्षिक अभियान लाई गतिरोध गर्ने गलत मनसायका साथ् यो कदम चालिएको हाम्रो ठहर छ ।

७) विश्व स्काउट संगठन (WOSM, WAGGGS) को नीतिको विपरित यो कदम चालिएको र नेपाली युवाहरुको विकासमा अवरोध सृजना हुनेगरी कदम चालिएको हुदा यस विषयमा विश्व स्काउट संगठन (ध्इक्इः, ध्बन्न्च) र सम्पूर्ण न्यायप्रेमी नेपालीहरुमा ध्यानाकर्षण गराउदछौ ।

८) प्रदेश सरकारका मुख्यमन्त्री तथा प्रदेश स्काउटका संरक्षक र प्रदेश सरकारका सामाजिक विकास मन्त्री एवम् प्रदेश स्काउटका प्रमुख स्काउट तथा स्थानीय तहका अध्यक्ष/प्रमुख एवम् स्थानीय संरक्षक र उपाध्यक्ष/ उपप्रमुख एवम् स्थानीय प्रमुख स्काउटज्यू हरुलाई युवाहरुको विकासलाई बाधक बन्ने गरी गरीएको गैरकानूनी निर्णयका संबन्धमा पनि ध्यानाकर्षण गर्दै निर्णय सच्याउनका लागी सकारात्मक पहल गरीदिनु हुन अनुरोध गर्दछौ ।

९) सम्मानननीय प्रधानमन्त्री एवम् नेपाल स्काउटका संरक्षक, माननीय शिक्षा तथा खेलकुद मन्त्री एवम् नेपाल स्काउटका प्रमुख स्काउट लाई तत्काल यो निर्णय फिर्ता लिन अपिल गर्दछौ । यदि, यो त्रुटिपूर्ण निर्णय फिर्ता नलिए देश भरीका स्काउटर निर्णयका विरोधका कार्यक्रम सहित अघि बढ्ने जानकारी समेत गराउदछौ ।

१. नवल प्रसाद उपाध्याय रास्ट्रीय परिषद सदस्य , नेपाल स्काउट

२. निर्मला अधिकारी, रास्ट्रीय परिषद सदस्य , नेपाल स्काउट

३. किरण गिरी,  रास्ट्रीय परिषद सदस्य , नेपाल स्काउट

४. दुर्गा वहादुर विष्ट, रास्ट्रीय परिषद सदस्य , नेपाल स्काउट

५. रवि खनाल, रास्ट्रीय परिषद सदस्य , नेपाल स्काउट